ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# भाषा शिक्षणमा साहित्यिक विधाको प्रयोजन

**ललित प्रकाश चन्द**
**मध्यपश्चिम विश्वविद्यालय**
**बागेश्वरी बहुमुखी क्याम्पस, बाँके**
**chandlalit046@gmail.com**

**लेखसार**

*प्रस्तुत लेख भाषा शिक्षणमा साहित्यिक विधाको प्रयोजन शीर्षकसँग सम्वन्धित रहेको छ । यो लेख भाषा शिक्षणका सैद्धान्तिक स्वरूप ठम्याउनुका साथै विधा शिक्षणको उपयोगिता पत्ता लगाउनुजस्ता उद्देश्यमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको यस अध्ययनमा वर्णनात्मक अध्ययन विधिको प्रयोग गरी पुस्तकालयी कार्यको माध्यमबाट सामग्री सङ्कलन गरी अर्थापन  गरिएको छ  । यस पहिलोअध्ययनमा द्वितीय स्रोतका रुपमा भाषा शिक्षण र साहित्य शिक्षणसँग सम्वन्धित विभिन्न पाठ्यपुस्तक, विभिन्न पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेखलाई उपयोग गरिएको छ । साहित्यिक विधा शिक्षण रसपूर्ण हुने भएकाले तिनै विधाको उपयोग गर्दै विद्यार्थीहरुमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गराउने र विद्यार्थीलाई विभिन्न साहित्यिक विधाको ज्ञान दिई  सिर्जनात्मक क्षमताको विकास गराउन भाषा शिक्षणमा साहित्यिक  विधा शिक्षणको आवश्यकता रहेको यस लेखमा निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावली**ः शिक्षण सामग्री, वौद्धिक क्षमता, सिर्जनात्मक, पढनवोध, विधा शिक्षण ।

## विषय परिचय

नेपाली भाषा शिक्षण सर्वप्रथम देव शमशेरले १९५८ मा खोलेका भाषा पाठशालाहरूबाट थालनी भाएको देखिन्छ । उक्त भषा पाठशालाहरूमा शिक्षण गर्नका लागि तत्कालीन शिक्षाविद् जयपृथ्वी बहादुर सिंहले लेखेको अक्षराङ्क शिक्षा नामक पहिलो पाठ्यपुस्तक तयार गरेको पाइन्छ । नेपालमा १९९० मा एस.एल.सी. बोर्डको स्थापना भएपछि ३०० पूर्णाङ्कको नेपाली विषय पढ्न पाउने व्यवस्था गरेको देखिन्छ ।  वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि नेपाली भाषा शिक्षणलाई महत्त्व दिएको देखिन्छ । यसले देशव्यापी रूपमा एउटै पाठ्यक्रम, एउटै शिक्षण प्रविधि र एउटै उपलब्धिको ध्येय राखेर भाषा शिक्षण गर्ने बाटो निर्देश गरेको पाइन्छ । यसले नेपाली विषयलाई एस.एल.सी.मा अनिवार्य १०० पूर्णाङ्क हुने, व्याकरणलाई भाषिक सिप विकासको पुरकका रूपमा ग्रहण गर्ने, साहित्यिक र साहित्येतर भाषिक पाठ्यवस्तुहरू समान महत्त्वका साथ प्रस्तुत गर्ने, प्रयोजनपरक दृष्टिले विषयगत विविधता र विधागत विविधताको सक्दो व्यवस्था गरिनु र भाषिक सिपका दृष्टिले तहगत तथा कक्षागत साधारण एवं विशिष्ट उद्देश्य निर्धारण गरेर पाठ्वस्तुको सङ्गठन, शिक्षण प्रक्रियाको निर्देशन र मूल्याङ्कन प्रक्रियाको निर्देशन गरेको देखिन्छ । यसले नेपाली भाषा शिक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । वर्तमान अवस्थामा नेपाली भाषा शिक्षण एउटा महत्त्वपूर्ण विषयका रूपमा रहेको छ । भाषा, साहित्य, पत्रकारिता, सिर्जना, सम्पादन, अनुसन्धान, आदि सबै क्षेत्रमा नेपाली शिक्षण विस्तारित र परिष्कृत हुँदै गएको पाइन्छ । नेपालमा मात्र नभएर विदेशी विश्वविद्यालयमा पनि अध्ययन, अध्यापन र अनुसन्धानहरू हुँदै गरेको देखिन्छ । नेपाली भाषा सरकारी कामकाजको भाषा भएकाले सबै भाषिक समुदायले यो भाषामा क्षमता हाँसिल गर्नुपर्ने र यसको माध्यमबाट राष्ट्रिय एकता सुदृढ गर्न नेपाली भाषा शिक्षणको महत्त्व रहेको पाइन्छ ।

भाषा शिक्षण सिपको शिषण हो । यसमा भाषाका सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई प्रमुखता दिइन्छ । भाषा शिक्षण विषय वस्तुको शिक्षण नभएर विषय वस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो (शर्मा र पौडेल, २०७०, पृ. २) । भाषा शिक्षणमा बोध र अभिव्यक्ति सिपलाई सबल बनाउने शिक्षण भएकाले यसमा उपयुक्त प्रयोग सन्दर्भहरूमा जोड दिनुपर्ने हुन्छ । कुनै पनि शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारीता भाषाका दुई प्रमुख पक्ष बोध र अभिव्यक्ति क्षमतामा भरपर्ने हुन्छ । बोध र अभिव्यक्तिको सम्वन्ध भाषा शिक्षणसँग सम्बन्धित रहेको हुन्छ । भाषा शिक्षण भन्नाले भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को बारेमा शिक्षार्थी र प्रशिक्षक विच हुने सार्थक र अन्तर्क्रिया बुझिन्छ (जोशी, सन २०२१, पृ. ३३) । विद्यार्थीहरुमा भाषिक सिपहरुको

विकास गराउन विधा शिक्षणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा राखिएका विधागत विषय वस्तुका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका लागि आवश्यक पर्ने श्रुतिबोध, उच्चारण, सस्वर पठन, मौन पठन, पठन बोध, लयबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्द भण्डार, वर्ण विन्यास र व्याकरणात्मक अभ्यासका विविध पक्षहरूको बोधात्मक क्षमता विकास गराउन सकिन्छ । विधागत स्वरूपका भिन्नता तथा तिनका भाषिक प्रयोग प्रकृतिका ढङ्गढाँचा अनुरूप खास खास किसिमका भाषिक सिप र पक्षहरूको विकासमा खास खास विधाहरू बढी उपयोगी हुने र त्यसै अनुरूप तिनको उपयोग गर्नुपर्ने हुन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सिपहरूमा दक्षता प्राप्त गराइ भाषाको ग्रहण र अभिव्यक्ति कलामा निपुर्णता हासिल गराउनुमै भाषा शिक्षण केन्द्रित हुन्छ (चन्द र शर्मा, २०७९, पृ. २) । भाषा शिक्षणको उद्देश्य विषयवस्तुको शिक्षण नभएर भाषिक सिपहरुको शिक्षण भएकाले भाषा पाठ्यपुस्तकका विभिन्न विधालाई भाषिक सिप विकासको र अभ्यासका लागि उपयोग गर्नु पर्ने हन्छ (खनिया, २०७५, पृ. ३) । पाठका विधागत विषयवस्तुका माध्यमबाट सुनाइ बोलाइ, पढाइ, र लेखाइ सिपका लागि आवश्यक पर्ने श्रुतिबोध, उच्चारण, सस्वर पठन, पठन बोध, लयबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास र व्याकरणात्मक अभ्यासका विविध पक्षहरुको बोधात्मक एवम् सम्पादकीय क्षमताको उन्नयनलाई नै भाषा शिक्षणको मुख्य ध्येय बनाउनु पर्दछ (अधिकारी, २०६७, पृ. १९३) । साहित्यका विविध विधाको प्रयोग गरी विधार्थीमा भाषिक सिप सुनाइ, बोलाइ, पढाइ, र लेखाइ क्षमताको विकास गर्न सकिन्छ । साहित्यले व्यक्तिमा निहित सर्जक प्रतिभा प्रस्फुटन गराइ उसको सिर्जनशीलतामा पनि सहयोग पुऱ्याउँदछ । भाषा सिकाइमा साहित्यका यीनै कुराले सकारात्मक प्रभाव पार्न, सिकाइलाइ अनुकूल विषयवस्तु र सन्दर्भ प्रदान गर्न, शिक्षण कार्यकलापलाई आकर्षक र विविधतायुक्त बनाउन र आकर्षक नमूनाद्वारा विविध शैलीको अनुभव गराउन सक्छन (पौडेल, २०७६, पृ. ३३) । यसर्थ भाषा शिक्षणमा साहित्य शिक्षणको महत्वपूर्ण भूमिका रहन्छ । नेपाली भाषा शिक्षण र साहित्यक विधाको सम्बन्धका बारेमा नेपाली भाषा शिक्षक, विधार्थी र पाठकलाई समेत यस लेखले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । प्रस्तुत लेख नेपाली  भाषा शिक्षणमा साहित्यिक  विधाको उपयोग कसरी गर्न सकिन्छ ? भाषा शिक्षणमा साहित्यिक  विधाको प्रभावकारिता के कस्तो रहेको छ ? जस्ता विषयमा केन्द्रित रहेको छ ।

**उद्देश्य**

नेपाली भाषा शिक्षणमा साहित्यिक विधाको उपयोगको पहिचान गर्नु,  भाषा शिक्षणमा साहित्यिक विधाको प्रभावकारिताको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेका  छन । यिनै उद्देश्यमा केन्द्रित भइ प्रस्तुत लेख तयार गरिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ साथै वर्णनात्मक अध्ययन विधिको पनि प्रयोग गरिएको छ । सामग्री सङकलनका लागि पुस्तकालयी कार्यको उपयोग गरिएको छ । द्वितीय स्रोतका रुपमा भाषा शिक्षण र साहित्य शिक्षणसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, भाषा शिक्षण र साहित्यिक विधाको बारेमा गरिएका अनुसन्धानात्मक शोध प्रतिवेदन र शब्दकोशलाई समेत उपयोग गरिएको छ । यस लेखमा भाषिक सिप शिक्षणमा साहित्यक विधाको महत्वसँग र्तसम्वन्धित भएर शाब्दिक तथ्यङकहरु  सङकलन गरी तार्किक विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक अवधारण**

भाषा शिक्षणमा साहित्यिक विधाको प्रयोजन अध्ययनका लागि नेपाली भाषा शिक्षण, भाषिक विधा शिक्षण, भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति, नेपाली भाषा र साहित्य शिक्षण, नेपाली भाषा शिक्षणका सन्दर्भहरूलाई प्रमुख सैद्धान्तिक आधार मानिने छ । यसका लागि अधिकारी (२०७६), पौडेल (२०७६), अधिकारी (२०६७), शर्मा र पौडेल (२०७०)। शर्मा र पौडेल (२०७९) हार्मर (सन २००८) आदि सन्दर्भ सामग्रीलाई उपयोग गरिएको छ ।

भाषा शिक्षण गर्दा कसरी, कुन ढङगबाट विधार्थीलाई अपेक्षित कुशलता हासिल गराउन सकिन्छ भन्नेतर्फ लाग्नु नै महत्वपूर्ण पक्ष हो । भाषा शिक्षणको मूल अभिप्राय भाषिक सिप ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ ) को अभिवृद्धि गर्नु हो (पोखरेल र काफ्ले, २०७६, पृ. २) । विधार्थीलाई भाषाप्रति अभिरुचि जगाएर उद्देश्य प्राप्तिका लागि निरन्तर जुटिरहने बनाएमा मात्र भाषाका सिपका बारेमा आवश्यक मात्रमा ज्ञान दिइ उनीहरुलाई गन्तव्य स्थानमा पुर्याउन सकिन्छ । भाषा भाषिक सिप (सुबोपले) सँग सरोकार राख्ने विषय हो । सिकारुका भाषिक

व्यवहारलाई अपेक्षानुकूल बनाउन भाषा शिक्षण गर्नु पर्दछ (ढकाल, २०६७, पृ. ३) । कुनै पनि भाषाका मौखिक र लिखित गरी दुई माध्यम हुन्छन । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रकियामा आधारित हुन्छ र प्रयोग वक्ता र श्रोताको सामिप्यमा हुन्छ । मौखिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । भाषाको वास्तविक रुप पनि मौखिक नै हो तर विभिन्न कारणले गर्दा मानव समाजमा लिखित भाषाको पनि प्रयोग हुन्छ । लेख्य भाषा श्रव्यात्मक नभइ दृश्यात्मक हुन्छ, त्यसैले यसमा वक्ता र श्रोताको सामिप्य चाहिदैन । यसबाट मानवीय विचार र भावनाहरुलाई सङग्रह गरेर कालान्तरसम्म राख्न सकिन्छ ।

भाषा शिक्षण सिपको शिक्षण हो । भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो (आचार्य र गौतम, २०६५, पृ. २) । भाषा फरक हुँदैमा विषयवस्तु फरक हुँदैन । त्यसैले भाषा शिक्षणमा विषयवस्तुलाई भाषिक सिपहरुको शिक्षण गर्नका लागि उपयोग गरिन्छ । भाषिक सिप शिक्षणका क्रममा उच्चारण, बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि विषयवस्तु नै प्रमुख आधार बनेको हुन्छ । भाषा शिक्षणमा सैद्धान्तिक ज्ञानलाई कम महत्व दिनु पर्छ । भाषा शिक्षण भनेको बोध र अभिव्यक्ति अर्थात ग्रहण र प्रकटन सिप सवल बनाउने शिक्षण भएकाले यसमा भाषाको संरचना र व्याकरणको सैद्धान्तिक ज्ञानमा जोड नदिइ उपयुक्त प्रयोग सन्दर्भहरुमा जोड दिनुपर्छ (शर्मा र पौडेल, २०७०, पृ. ३) ।

भाषा शिक्षणमा अभ्यासको सर्वाधिक महत्व हुन्छ । भाषा शिक्षण र अभ्यासलाई एक अर्काको पुरक मानिन्छ । भाषा भनेको ज्ञान कम र कला र सिप बढी भएकाले तिनलाई प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका हुने गर्दछ । बढीभन्दा बढी अभ्यासले कला र सिपमा निखार ल्याउदछ । भाषा शिक्षणमा अभ्यासलाई मुख्य जोड दिएर त्यसै अनुरुपको शिक्षण कार्यक्रम सञ्चालनमा ल्याइन्छ । भाषा शिक्षणमा श्रुति र वाकलाई २० प्रतिशत, पठन र लेखनलाई ४० प्रतिशत र व्याख्या विश्लेषणलाई ४० प्रतिशत समय विभाजन गरेर अभ्यासकेन्द्रीत गतिविधिहरु सञ्चालन गर्नु उपयुक्त हुन्छ (शर्मा र पौडेल, २०७०, पृ. २) । यसरी भाषा शिक्षणको आफ्नै विशिष्ट स्वरुप रहेको हुन्छ । यसमा भाषिक सिप विकास गर्न प्रयोग पक्षलाई जोड दिइन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा विद्यार्थीलाई बढीभन्दा बढी अभ्यास गराउनु पर्दछ, जसले उनीहरुमा भाषिक सामर्थ्यको विकास गराउदछ । विधा शिक्षणको तात्पर्य साहित्यका गद्य र पद्य रुपको शिक्षण हो (लामिछाने, २०६२, पृ. १३०) । यस अन्तर्गत साहित्यका विविध विधाहरुको प्रकृति अनुसार शिक्षण गर्ने प्रक्रियालाई अवलम्बन गरिन्छ । आआफ्नो विशेषता बोकेका विद्याहरुको भिन्न भिन्न तरिकाको शिक्षणबाट भाषिक उद्देश्य परिपूर्तिका लागि सहयोग प्राप्त हुन्छ । साहित्य मानवका चिन्तन, भोगाइ र सन्धानको इतिवृत्ति हो (पौडेल, २०७६, पृ. ३३) । यसमा मानव सभ्यताको लिखित र अलिखित इतिहास लुकेको हुन्छ । साहित्यमा समाजका गतिविधि, मानवका क्रियाकलाप सबै समाहित हुने भएकाले त्यसमा प्रत्येक मानिसले आफूलाई पाउँछ । भाषा पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, नाटक, उपन्यास, जीवनी, दैनिकी, रुपक जस्ता विधा उपविधा समावेश गरिएको हुन्छ । यिनै विधाहरूको शिक्षण गर्ने प्रणालीलाई विधा शिक्षण भनिन्छ (भट्टराई, २०७७, पृ. ७९) । साहित्यको अध्ययनले मानिसलाई पिडामुक्त गराउछ र मनलाई आनन्दमय बनाई रसास्वादन गराउदै मानिसका विचार र भावनालाई परिष्कार गरी ज्ञानको अभिवृद्धि गर्न मद्दत पुग्दछ । यस्तो ज्ञानले भाषिक सामर्थ्यलाई परिपोषित गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

साहित्यमा समाजका सामाजिक, सास्कृतिक परम्परा, मुल्य र मान्यता अभिव्यक्त भएका हुन्छन् । यी सामाजिक, सांस्कृतिक परम्पराको जगेर्ना गर्दै अगाडि बढ्न साहित्यले बाटो देखाउने काम गर्दछ । साहित्यका माध्यमबाट मानव मानवबीच आपसी समझदारी र भाइचाराको भावनावृद्धि गर्दै अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्दछ । राष्ट्र र राष्ट्रियताको पक्षमा दृढ भई लाग्न पनि साहित्यले महत्वपूर्ण सहयोग पुऱ्याउँदछ ।

साहित्यका विविध विधामा रहेका पात्रगत सफलता असफलताले पाठकलाई जीवन उपययोगि हुने विभिन्न अनुभव दिन्छ । त्यस्तै साहित्यले व्यक्तिमा निहित सर्जक प्रतिभा प्रस्फुटन गराइ उसको द्रष्टा व्यक्तित्व विकासमा पनि सहयोग पुऱ्याउँछ । भाषा सिकाइमा साहित्यका यस्ता अनेकौ गुणले सकारात्मक प्रभाव पार्न सिकाइलाई अनुकूल, विषयवस्तु र सन्दर्भ प्रस्तुत गर्न, कार्यकलापलाई रोचक र विविधतायुक्त बनाउन, साहित्यक विधाको भूमिका रहने गर्दछ

साहित्यका विधा अन्तर्गत पर्ने कविता-काव्य, कथा, उपन्यास, निवन्ध, नाटक/एकाङ्की, रुपक, जीवनी, दैनिकी, चिठी आदि विधाहरुको मौलिक विशेषताले साहित्यक अभिव्यक्तिलाई बढी अर्थपूर्ण बनाएको

पाइन्छ । लिखित अभिव्यक्तिका रुपमा रहेका विधाहरुले भाषा पाठयपुस्तकको गहनतालाई पुष्ट्याई गरेको र विधा शिक्षणबाट निर्देष्ट उद्देश्य पूरा गर्न सहयोग पुग्दछ । सहित्य भाषालाई जोगाउन र स्तरीय बनाउन धेरै ठूलो भूमिका खेल्ने भाषाको एक भेद हो (आचार्य र गौतम, २०६५, पृ. १६७) । साहित्य समाजको दर्पण मात्र नभई ज्योति पनि हो । साहित्यद्वारा समाजको असल र खराब, उन्नति या अवन्नति, विकास या अविकास कुन रूपमा रहेको छ, त्यसलाई सङ्केत गर्ने काम गरेको देखिन्छ । साहित्य सदैव समाजबाट उत्प्रेरित भई आफ्नो रूपलाई प्रदर्शित गर्ने भएकाले साहित्यिक विधा शिक्षणको ठूलो योगदान रहेको हुन्छ । भट्टराई (२०७७) का अनुसार "साहित्यमा मानवजीवनको वैयक्तिक चिन्तन, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, राजनैतिक आदि विषय अभिव्यक्त गरिरहेको हुन्छ । समाजमा फैलिएको अज्ञान, अन्धकारलाई हटाई समाजलाई नवप्रकाशनबाट आलोकित गर्नु नै भाषा शिक्षणको लक्ष्य रहेको छ, जुन साहित्यिक विधा शिक्षणको माध्यमबाट गर्न सकिन्छ" (पृ. ७९) । साहित्य सामाजिक प्रेरणाको अक्षय स्रोत हो । युग दृष्टिलाई आलोकित गर्नु जनजीवनलाई उद्‌बुध गर्नु साहित्यको परमधर्म हो ।

**अवधारणात्मक ढाँचा**

भाषा शिक्षणमा साहित्यका विभिन्न विधाका आधारमा प्रस्तुत अनुसन्धेय विषयको अवधारणात्मक ढाँचा निर्माण गरिएको छ । अवधारणात्मक ढाँचाले अनुसन्धेय विषयको स्पष्ट रूपरेखा कोर्ने कार्य गरी लेखलाई निष्कर्षात्मक बनाउन सहयोग गर्दछ । प्रस्तुत लेखको अवधारणात्मक ढाँचा निम्नानुसार रहेको छ :




## विमर्श र परिणाम

प्रस्तुत लेख भाषिक सिप शिक्षणमा साहित्यिक विधा शिक्षणका प्रयोजनसँग सम्बन्धित भएकाले यहाँ क्रमशः नेपाली भाषा शिक्षणमा साहित्यिक विधाको उपयोगको पहिचान गर्नु र नेपाली भाषा शिक्षणमा साहित्यिक विधाको प्रभावकारिताको विश्लेषणको परिचर्चा गरिएको छ । यहाँ तिनको क्रमशः चर्चा गरिन्छ :

**नेपाली भाषा शिक्षणमा साहित्यिक विधाको उपयोग**

भाषिक सौन्दर्यका माध्यमबाट मानवीय संवेदनाको अभिव्यक्ति दिनुलाई नै साहित्य भनिन्छ । यसमा भावना र अनुभूतिले युक्त रागात्मक पक्षहरुको मिश्रित संयोग हुन्छ । यसर्थ साहित्यिक विधाको उपयोगबाट भाषाशिक्षणलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ । साहित्यका कथा, कविता, उपन्यास, निवन्ध, नाटक/एकाङ्की, रुपक जीवनी, दैनिकी आदि विधाको उपयोग भाषा शिक्षणमा गरिन्छ । यस अनुसन्धानमा भाषा शिक्षणमा साहित्यिक विधाको उपयोगलाई यसरी अध्ययन गरिएको छ :

**क) कविता विधा**

कविता मूलतः लयात्मक र साहित्यिक श्रव्य पाठ्य विधा हो । माध्यमिक तहसम्म कवितालाई उच्चारण संस्कार तथा लयबोध र भावबोध क्षमताको विकासका निम्ति उपयोग गर्न सकिन्छ । सरल लयात्मक बान्कीका कविताबाट केही मात्रामा शब्दभण्डार र पठन बोध क्षमताको अभ्यास गराउन सकिन्छ । भाषा सिकाइ कतिपय दृष्टिले उराठिलो कार्य पनि हो । विकसित भाषामा साहित्यको पनि विकास भएको हुन्छ । साहित्यका विविध विधाका आआफ्नै विशेषता हुन्छन् । हरेक विधाका संरचना र तत्त्वगत विशेषताका कारणले भाषाको अध्ययनमा रूचि अनुसार फेरबदल सम्भव हुन्छ । यसले गर्दा भाषा सिकाइको दुष्कर कार्यलाई केही सरल र रोचक बनाउन सकिन्छ । विभिन्न विधाका अभिव्यक्तिगत विशेषतासँग पर्याप्त हिमचिम बढेपछि भाषागत अनुभवको दायराले राम्ररी भाँगिने मौका पनि पाउँछ । यसै परिप्रेक्ष्यमा कविता विधालाई पनि भाषा शिक्षणमा अत्यावश्यक ठानिन्छ (शर्मा र पौडेल, २०७०, पृ. २१६) । कविता विधा शिक्षणबाट भाषाका ग्रहण र अभिव्यक्तिका चारै सिपको उन्नयनमा सघाउ पुर्‍याउन सहयोग गर्दछ । सस्वर पठन, उच्चारण, आघात, सुर र भाषेतर अभिनय समेतको

ख्याल गरेर वाचन गर्ने क्षमताको अभिवृद्धि गराउँदछ । कविताको विधागत स्वरूप र संरचनासँग परिचित गराई कविता रचना गर्ने क्षमताको विकास गर्न मद्दत गर्दछ । कविताको लयात्मक अनुभूति र सौन्दर्यको बोध गराई सोही अनुरूपको अभ्यास र उपयोग क्षमताको विकास गराउँदछ । भावात्मक अभिव्यक्ति शैली सौन्दर्यका माध्यमबाट आस्वादनीय पाठ्य र श्रव्य क्षमता अभिवृद्धि गर्दछ । मानसिक र सांवेगिक शान्ति र सौन्दर्यको उद्बोधन गराई मनोविनोद र बुद्धि विनोद गराउन सहयोग गर्दछ । भावार्थ व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचनात्मक क्षमताको अभिवृद्धि गराउँदछ (पौडेल, २०७६, पृ. ११) । पठन बोधात्मक अभ्यास, शब्द प्रयोग अभ्यास तथा शब्दभण्डार क्षमता वृद्धिमा टेवा पुर्याउन मद्दत गर्दछ, साथै लयात्मक वाचन र भावअनुसार वाचन क्षमता विकासका माध्यमले समग्र व्यक्तित्व निर्माण गर्न महत्त्वपूर्ण सहयोग गर्दछ ।

**ख) कथा विधा**

कथा घटना प्रधान विधा हो । कथा विधाका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पठाइ र लेखाइ जस्ता चारवटै सिप विकासमा सहयोग पुर्याउदछ । श्रुतिबोध, सस्वर पठन, मौन र पठनबोध क्षमताको विकासमा कथा विधाको उपयोग गरिन्छ । भाषातात्त्विक दृष्टिले उच्चारण, वर्णविन्यास, लेख्य चिह्नको प्रयोग, शब्दवर्ग पहिचान, शब्द निर्माण र शब्द रूपायन, वाक्यतत्त्व पहिचान, वाक्य गठन र वाक्यान्तरण आदि विविध पक्षको सिप विकासमा कविता विधालाई उपयोग गर्न सकिन्छ । कथा विधा शिक्षणका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चार वटै सिप विकासमा सहयोग पुर्याउन सकिन्छ । श्रुतिबोध, सस्वर पठन, मौन पठन र पठन बोध क्षमताको विकासमा मद्दत गर्दछ । श्रवणकला, श्रुतिबोध, श्रुतिरचना जस्ता सुनाइसँग सम्बन्धित क्षमताको विकास गराउँदछ । मौखिक कथन क्षमता अभिवृद्धि गरी क्रमबद्ध कथा कथन क्षमता विकास गर्न कथा शिक्षणले सहयोग गर्दछ । भाषातात्त्विक दृष्टिले उच्चारण, वर्णविन्यास, लेख्यचिह्न प्रयोग, शब्दवर्ग पहिचान, शब्दनिर्माण र शब्द रूपायन, वाक्यतत्त्व पहिचान, वाक्य गठन र वाक्यान्तरण आदि विविध पक्षको सिप विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ (भट्टराई, २०७७, पृ. १२) । कथागत विधा स्वरूपको पहिचान गराई कथा रचना सम्बन्धी निर्देशित र स्वतन्त्र सिर्जनात्मक अभ्यास गराउन सहयोग गर्दछ । साहित्यानन्द, मनोरञ्जन र मानसिक सन्तुष्टि प्राप्त गर्ने शैली सौन्दर्यको अनुभव गराउँदछ । विविध विषय क्षेत्रका विषय वस्तु र तत् सम्बन्धी पारिभाषिक एवम् प्राविधिक शब्दभण्डारको विकास गराउन सक्दछ । कथा शिक्षणले उखान, टुक्का, लोकोक्ति र आलङ्कारिक युक्ति एवम् प्रक्रियासँग परिचित गराउदछ । मानवीय चारित्रिक विकास तथा भावना, कल्पना र सौन्दर्य विकासमा मद्दत गर्दछ । कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम बनाउन, विद्यार्थीमा कल्पना र सिर्जनन शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन निकै सहज हुन्छ (पौडेल, २०६७, पृ. ६१) । अनुशासन कायम गर्दै चरित्र निर्माण गरी सच्चरित्र नागरिक तयार गराउन सहयोग गर्दछ । समकालिन समाजका सामाजिक, साँस्कृतिक, राजनैतिक, धार्मिक आदि पक्षसँग परिपचत गराउन मद्दत गर्दछ । जीवन र जगतका आन्तरिक र बाह्य पक्षसँग परिचित गराउँदछ ।

**ग) नाटक/एकाङ्की**

नाटक र एकाङ्की विधा मूलतः श्रव्यदृश्य विधा हुन र अभिनेय विधा हुन । भाषा शिक्षणमा नाट्य साहित्यको विशेष भूमिका हुन्छ । विद्यार्थीले नाटक/एकाङ्कीमा सुनेका शिष्ट र शुद्ध सम्बोधन अनुसार आफू पनि त्यसै प्रकारले बोल्न थाल्छन् । नाटक/एकाङ्कीका माध्यमबाट विद्यार्थीहरूलाई कुशल तथा योग्य वक्ता बनाउन सकिन्छ र उनीहरूमा नेतृत्त्व क्षमताको विकास पनि गराउन सकिन्छ (पौडेल, २०७६, पृ. ५१) । नाटक/एकाङ्कीद्वारा विद्यार्थीहरूलाई सामाजिक जीवनमा अपेक्षित हुने मानव स्वभाव र चरित्रको राम्रो ज्ञान दिलाउन सकिन्छ । यस विधाको शिक्षणबाट भाषाको ग्रहण र अभिव्यक्ति सिप र विविध भाषिक पक्षहरूको विकासमा सहयोग पुर्याउनुका साथै सरल, सहज, स्वाभाविक र जीवन्त मौखिक अभिव्यक्ति क्षमताको विकास गर्न सकिन्छ । जनजीवनमा आइपर्ने विविध समस्यासँग सङ्घर्ष गरेर मानसिक अवस्था सन्तुलित गर्ने क्षमताको विकास गराउन सकिन्छ । मानव जीवनलाई गहिरेर अध्ययन गरी मानव स्वभाव वा चरित्रको अध्ययन गर्न सकिन्छ । परिस्थितिअनुसार भाषाको प्रयोग गर्न सक्ने बनाउन नाटक/एकाङ्की शिक्षणले सहयोग पुर्याउदछ । भाषिक अभिव्यक्तिमा भाषेतर पक्षको समुचित मिश्रण गरी भाषा प्रस्तुतिलाई जीवन्त र स्वाभाविक बनाउन यसले मद्दत गर्दछ । नाटक/एकाङ्की एउटा गतिशील विधा भएकाले विषयवस्तुलाई ग्रहण गरेर सामाजिक प्रभावलाई स्वीकार्ने क्षमताको विकास गर्न यसको शिक्षणले सघाउ पुर्याउदछ । यसको शिक्षणबाट साहित्यिक आस्वादन, प्रत्यक्ष मनोरञ्जन, विषयवस्तुको प्रभावकारी अभिव्यञ्जना र उपयोगी शिक्षा प्रदान गराउन सकिन्छ । यसको शिक्षण्बाट भाषाशैली, शुद्ध र स्पष्ट उच्चारण गराउन सकिन्छ (शर्मा र पौडेल, २०७०,

पृ. २२४) । घटना, परिरस्थति, विषय प्रसङ्ग, दर्शक, स्रोता, समय अनुरूपको प्रभावकारी अभिनयात्मक अभिव्यक्ति क्षमताको विकास गर्न नाटक/एकाङ्की शिक्षणले महत्त्वपूर्ण भूमिका खेल्दछ । जीवनोपयोगी र हितकारी उपदेश दिनुका साथै प्रभावकारी कथन अभिव्यक्ति शैली र स्वरूपको संज्ञान दिएर नाटक/एकाङ्की रचना गर्न प्रेरित गर्नु यस शिक्षणको प्रयोजन रहेको छ ।

**घ) निबन्ध विधा**

निबन्ध सबैभन्दा प्रौढ गद्यात्मक अभिव्यक्तिले भरिएको लेख्यपाठ्य विधा हो । निबन्ध शिक्षणबाट बोध र अभिव्यक्ति क्षमताको विकासका साथै यसका तत्त्वहरूको पनि पहिचान हुन्छ र कुनै निर्दिष्ट सामग्रीलाई आवश्यकता अनुसार संक्षेप वा विस्तारमा प्रकट गर्न सक्ने सिपको समेत विकास गर्न मद्धत मिल्छ (पौडेल, २०७६, पृ. ५७) । निबन्ध विधाको शिक्षणबाट भाषाका ग्रहण र अभिव्यक्ति सिपको विकास, गहण, पठनबोध क्षमताको विकास, विविध क्षेत्रका शब्दभण्डार क्षमताको विकास गराउन सकिन्छ । सस्वर पठन, श्रुतिबाध, श्रुति लेखन, उच्चारण, शब्दार्थ र शब्द प्रयोगमा थप अभ्यास गराउन सकिन्छ । प्रश्नोत्तर, छलफल, व्याख्या, बुँदा टिपोट, सारांश, भाव विस्तार जस्ता विविध भाषिक क्षमता वृद्धि गर्न मद्धत पुर्याउछ । निबन्ध शिक्षणबाट क्रमिकताको निर्वाह गर्दै आफ्ना स्वतन्त्र विचार प्रस्तुत गर्न सक्ने तुल्याउन सकिन्छ (शर्मा र पौडेल, २०७०, पृ. २२८) । विषयवस्तुको सङ्गठित र शृङ्खलित प्रस्तुतिमा विद्यार्थी सक्षम बनाउन निबन्ध शिक्षणले सहयोग गर्दछ । यसको शिक्षणबाट मानवीय चिन्तन र विचारमा स्पष्टताको विकास गराउन सकिन्छ । विभिन्न निबन्धकारहरूका निबन्ध पढी त्यसलाई आत्मसात गर्ने क्षमताको विकास गरी निबन्ध सिर्जना गर्ने प्रेरणा दिना सकिन्छ । यसको शिक्षणबाट निबन्ध लेखन सिप तथा मौलिक र सिर्जनात्मक सिपको विकास गराउन सकिन्छ । स्वतन्त्र आत्मप्रकाशन, प्रभावकारी अनुच्छेद गठन र निबन्धन क्षमता बढाई व्यक्तित्व विकासमा मद्दत पुर्याउदछ । निबन्धको अध्ययनबाट अन्य सर्जकहरूका रचनालाई समीक्षात्मक तथा विश्लेषणात्मक ढङ्गले हेर्ने, बुझ्ने र आत्मसात गर्ने क्षमताको विकास गराउन सकिन्छ ।

साहित्यिक विधाका माध्यमबाट भाषा शिक्षणका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता बोध र अभिव्यक्ति क्षमताको विकास गराउन सकिन्छ । विभिन्न खालका शब्दभण्डार क्षमताको विकास गराउनुका साथै सिर्जनात्मक लेखन क्षमताको विकास गराउन पनि सहयोग गर्दछ ।

नेपाली भाषा शिक्षणमा साहित्यिक विधाको प्रभावकारिताको विश्लेषण

भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । विद्यार्थीहरूलाई साहित्यका कविता, कथा, नाटक र निबन्ध जस्ता विधाको माध्यमबाट भाषिक सिपको विकास गराउन सकिन्छ । नेपाली भाषा शिक्षणमा साहित्यिक विधा शिक्षणको प्रभावकारिताको सम्बन्धमा पौडेल (२०७६) का अनुसार

"मातृभाषामा साहित्य हुने वा नहुने दुवै विद्यार्थीकालागि साहित्यको अनुभव जरुरी हुन्छ । यसकै माध्यमबाट उनीहरुले सम्बन्धित विविध पक्षका विशिष्टता, रीतिस्थिति, परम्परा, मूल्य मान्यता, मर्म र सहिष्णुता, शोषण, दुराचार, अन्याय, अत्याचार आदिप्रति संवेदनशील भइ तिनका विरुद्ध भावनात्मक एकताको अभिवृदि गर्न साहित्यक विधाको उपयोग गरिन्छ" (पृ.३३) ।

विधा शिक्षणबाट विधार्थीहरुको सिर्जनशीलताको विकास गराउँदछ । यसैबाट जीवन जगतलाई गहिराइमा पुगेर अनुभूति र पर्यवेक्षण गर्न सुझाबको विकास हुने गर्दछ । साहित्यि शिक्षणबाट बौद्धिक ज्ञानको विकास गर्न मद्दत पुग्दछ । यसर्थ भाषिक सिप शिक्षणमा यसको आवश्यकता देखिन्छ । साहित्यिक विधा शिक्षणबाट अनेकतामा एकता कायम गर्न, समग्र जनजीवनका विलक्षणता बुझ्न, साहित्यक आस्वादन प्रदान गर्न, राष्ट्रिय संस्कृति र सभ्यताको विकास गर्न सहयोग पुग्दछ (पृ. ५७) । साहित्यिक विधा शिक्षणबाट आफनो राष्ट्रको भौगोलिक परिवेश, जीवन , रीति , वृत्ति, जातीय अनुभूति, भोगाइ, दुःख, पीडा रोग, भोक, अशिक्षा र आश्रयहीनताको समेत अनुभूति गर्न सहयोग गर्दछ । साहित्यिक विधा शिक्षणले भाषिक सिप तथा व्याकरणात्मक तत्त्वको प्रयोगमा अभ्यस्त बनाउन सहयोग पुर्याउदछ । साहित्यमा भाषाको विशिष्ट रूप सिकाइने हुँदा यी सिपरूको पर्याप्त जानकारी नभई उक्त विशिष्ट रूप सिकाउन सकिन्न (भट्टराई, २०७७, पृ. ८६) । व्याकरणात्मक तत्त्वको अभ्यासमा साहित्यको धेरै उपयोग गर्नु पर्छ । भाषाको विशिष्ट रूप साहित्यमा प्रयोग हुने हुनाले यसबाट भाषिक सिप विकास हुने गर्दछ । यस अर्थमा भाषिक सिप शिक्षणमा साहित्यिक विधा शिक्षणको प्रभावकारीता हुने गर्दछ । यसको अध्ययनबाट समाजको आधुनिकीकरण तथा तज्जन्य सङकमणको विस्तृत व्यञ्जना गरी तिनको मर्म पोख्न पनि त्यत्तिकै उद्धृत हुन्छ । साहित्य शिक्षण मातृभाषा वा राष्ट्र भाषा दुवैमा गर्न सकिन्छ । तिनका छुट्टा छुट्टै प्रयोजन पनि हुन्छन तर भाषा

शिक्षणमा दुवैलाई त्यतिकै उपयोगी माध्यम बनाउन सकिन्छ । भाषा शिक्षणलाई रुचिपूर्ण बनाउन विधा शिक्षणले प्रभावकारी भूमिका खेलेको हुन्छ । विद्यार्थीलाई भाषासिकाइप्रति आकर्षित र अभिप्रेरित गराएर काउकुती जगाएर सिकाउनका लागि साहित्यिक विधा शिक्षणले प्रभावकारी भूमिका खेल्दछ । यसबाट साहित्यिक विधा , उपविधामा पाइने शिल्प, शैली र सौन्दर्यले कक्षा शिक्षणलाई प्रभावकारीताका साथै रूचिपूर्ण बनाउन सघाउ पुर्याउनाले पनि विधा शिक्षणको महत्त्व रहेको देखिन्छ । विद्यागत विविधताले विषयवस्तुको प्रस्तुतिमा पनि विविधता ल्याउन सकिन्छ ।

मातृभाषा वा राष्ट्रभाषाका साहित्यक सामग्री रोचक हुने हुँदा तिनको उपयोगले पठन अभिरुचि वा शब्दभण्डारमा वृद्धि गराउनुका साथै लेख्य अभिव्यक्ति क्षमता बढाउन पनि सहयोग हुन्छ ( शर्मा र पौडेल, २०७०, पृ. २१२) । साहित्य शिक्षणबाट भाषाको स्तरीय रुपको अनुभव प्राप्त हुन्छ । साहित्यिक विधा शिक्षणले मानक तथा औपचारिक भाषा प्रयोगमा अभ्यस्त बनाउन मद्दत गर्दछ । विद्यार्थीले आफ्नै मातृ भाषाद्वारा परिवार, छरछिमेक, समुदाय, शिक्षालय तथा राष्ट्रसम्म सम्पर्कको विस्तार हुँदै जान्छ । तसर्थ विद्यार्थीले प्रयोग गर्ने भाषालाई परिमार्जित र परिष्कृत गर्नु पर्ने हुन्छ (भट्टराई, २०७७, पृ. ८७) । विद्यार्थीलाई साहित्य शिक्षणबाट भाषाको जुन स्तरीय रूपको अनुभव प्राप्त हुन्छ, त्यस अनुभवले भाषिका, उपभाषिका वा अन्य भाषाको पृष्ठभूमि हुने विद्यार्थीलाई मानक रुपमा अभ्यस्त हुन सजिलो हुन्छ, साथै साहित्यिक विधा शिक्षणबाट भाषा सिक्न उपयुक्त परिवेश प्राप्त हुने, सहज रुपमा भाषिक क्षमता बढाउन मद्धत पुग्ने र सिकाइमा उत्प्रेरणा जगाउन सघाउ पुग्ने हुन्छ । साहित्यिको उपयोग भाषिक सिप (श्रुतिबोध, वक्तृता, पठन, लेखन) तथा पक्षहरु (बोध, शब्द भण्डार, व्याकरण तत्त्व आदि) को अभ्यासका लागि निकै उपयोगी हुन्छ । साहित्यमा भाषाको विशिष्ट रुप सिकाइन्छ । भाषिक सिप र पक्षहरुको पर्याप्त जानकारी नभई उक्त विशिष्ट रुप सिकाउनुको कुनै अर्थ र सम्भावना हुँदैन । साहित्यिक विधा शिक्षणले समीक्षात्मक सोचको विकास गराउदछ । जति–जति विद्यार्थी उच्च कक्षामा पुग्दछन्, उति–उति उनीहरूमा गुणदोष छुट्याउने क्षमताको विकास हुँदै जान्छ । तर्क गर्ने शक्ति बढ्दै जान्छ, जसले जे भन्यो, त्यसमा सही थाप्ने बानी हराउँदै जान्छ । साहित्यको माध्यमले विद्यार्थीमा दण्डन/मण्डन, व्याख्या, समालोचनात्मक अध्ययन र समीक्षात्मक शक्तिको विकास हुन्छ । साहित्यमा प्रयोग भएको भावले विद्यार्थीमा कल्पनाशीलता, मौलिकता, प्रभावमयता, सिर्जनात्मकता जस्ता गुणको विकास हुन्छ । ढकाल (२०७२) ले “प्रशंसन, खण्डन, समीक्षण आदिका लागि चरित्र, घटना, शब्द प्रयोग, परिवेश द्वन्द आदिको जानकारी आवश्यक हुन्छ, जसका लागि साहित्यको अध्ययन अनिवार्य हुने विचार व्यक्त गरेका छन्” (पृ.१२४) । यसर्थ भाषाका भाषिक सिपहरूको विकासको लागि साहित्यक विधाको उपयोग अनिवार्य रूपमा गर्नु पर्दछ । साहित्यिक विधा शिक्षणले विद्यार्थीमा शब्द भण्डारको विकास गर्न सहयोग पुर्याउदछ । उनीहरूमा अध्ययनप्रति रूचि जगाएर भाषिक तत्त्व र विषयवस्तुको ज्ञान दिने क्रममा शब्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । साहित्यिक विधाहरूमा समेटिएको विषय ज्ञान विज्ञानका विविध क्षेत्र र शाखासँग सम्बन्ध रहन्छ । साहित्यिक विधामा प्राविधिक र पारिभाषिक शब्द पनि हुन्छन् । विद्यार्थीलाई ती क्षेत्र र शाखाका विषयमा सहभागी गराउन उनीहरूमा शब्दभण्डारको पर्याप्त विकास गराउनु पर्ने हुन्छ । यसका लागि साहित्यिक विधा शिक्षणको आवश्यकता पर्दछ । साहित्यिक विधा शिक्षणबाट सामाजिक मूल्य तथा मान्यतासँग परिचित गराउँदछ । सम्बन्धित जातिका सामाजिक, साँस्कृतिक परम्परा, मूल्य मान्यताका विविध पक्षहरूको सूक्ष्म पहिचान विद्यार्थीलाई अवगत गराउन सकिन्छ । त्यस्तै साहित्यिक विधा शिक्षणबाट राष्ट्रिय एकताको भावना विकास गराउन सकिन्छ । साहित्यिक विधामा नेपाली समाज, सस्कृति, परम्पराको चित्रण गरिने भएकाले यसको शिक्षणबाट देशभित्रका अन्य भाषिक समुदायले समेत अध्ययन गर्ने अवसर प्राप्त गर्दछन् । यसको शिक्षणले व्यक्तिको चौतफी विकास गरी व्यक्तित्व विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । साहित्यिक विधा रसिलो र मानोरञ्जनमूलक हुने भएकाले विद्यार्थीलाई यीनै विधाको माध्यमबाट सफलतापूर्वक भाषिक सिप हासिल गराउँन सकिन्छ भन्ने यस लेखको प्राप्ति रहेको छ ।

## निष्कर्ष

भाषा शिक्षण भाषिक सिपहरुको शिक्षण हो । भाषिक सिपहरुको विकासको लागि विधा शिक्षणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । साहित्यका कथा, कविता, नाटक, एकाङकी, उपन्यास, निवन्ध, जीवनी जस्ता विधाको शिक्षणले भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपमा विद्यार्थीहरुको क्षमता बढाउन यसको उपयोग गरिन्छ । कथा, कविता, निवन्ध, जस्ता विधाहरु सुन्न लगाएर, पढ्न लगाएर, लेख्न लगाएर

शिक्षण गरिन्छ । विद्यालय तहका विद्यार्थीमा साहित्यिक विधाको माध्यमबाट भाषिक सिप विकास गराउन सकिन्छ । भाषा शिक्षणमा विषयवस्तुलाई भन्दा सिपलाई जोड दिइने भएकाले विषयवस्तुको माध्यमबाट भाषिक सिप हासिल गर्ने उद्देश्य रहेको हुन्छ । भाषिक सिपको विकास भयो भने विद्यार्थीहरुले स्वतः विषयवस्तुको ज्ञान प्राप्त गर्दछन् । यसबाट भाषिक सिप मात्र नभएर शब्द भण्डार र व्याकरणिक तत्वमा समेत ज्ञान हासिल गराउन सकिन्छ । साहित्यक विधाको शिक्षण आकर्षक हुने भएकाले यसबाट विद्यार्थीहरुमा पढाइप्रति रुचि बढाउन सहयोग पुऱ्याउदछ । यसले गर्दा पढ्ने, लेख्ने बानीको समेत विकास गराउछ । यसका साथै विद्यार्थीहरुमा वर्णविन्यासको उचित प्रयोग तथा शब्दभण्डार क्षमताको विकास गराउन शिक्षणको उद्देश्य रहेको पाइन्छ । साहित्यिक विधा शिक्षणबाट विद्यार्थीमा सिर्जनात्मक क्षमता विकास गराउन सकिन्छ । साथै विद्यार्थीहरुमा बौद्धिक क्षमताको विकास गराउन पनि सकिन्छ । यसको शिक्षणबाट व्यक्तिको व्यक्तित्व विकास गराउनका साथै समाजमा व्यक्तिले खेल्नुपर्ने सकारात्मक भूमिकाको पनि अवगत गराउदछ । साहित्यिक विधाको माध्यमबाट विद्यार्थीहरुमा भाषिक सिप क्षमताको विकास, शब्दभण्डार क्षमताको विकास, उपयुक्त वर्णविन्यास प्रयोग, सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै बोध र अभिव्यक्ति क्षमताको माध्यमबाट सिर्जनशीलताको विकास गराउन भाषा शिक्षणमा विधा शिक्षणको आवश्यकता नै यस लेखको निष्कर्ष हो ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५७), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति, विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद (२०६४), भाषा शिक्षणमा नमूना अभ्यासको भूमिका, सम्प्रेषण, वर्ष ४ अंक ४ पृ. ६०-६२ ।

आचार्य, माधवप्रसाद र गौतम, रामप्रसाद (२०६५), नेपाली भाषा र साहित्य शिक्षण, दीक्षान्त प्रकाशन ।

खनिया, बुद्धराज (२०७५). नेपाली भाषाशिक्षण, जुपिटर प्रिन्टिङ्ग एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि.।

चन्द, ललितप्रकाश र शर्मा, मुकुन्दप्रसाद (२०७९), नेपाली भाषाशिक्षणका विविध पक्ष, दाजुभाई प्रकाशक तथा वितरक प्रा. लि. ।

जोशी, गोकर्ण (सन २०२१), वाक्क्रिया सिद्धान्तको सापेक्षतामा नेपाली भाषा शिक्षण, सोताङ जर्नल, वर्ष ३, अङ्क ३, पूर्णाङ्क १, पृ. ३२–४२ ।

ढकाल, शान्तिप्रसाद (२०६७), नेपाली भाषाशिक्षणः परिचय र प्रयोग, शुभकामना प्रकाशन ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७६), नेपाली भाषा शिक्षण, क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६७), भाषिक विधा शिषण, विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०६७), दोस्रो भाषाका रुपमा नेपाली शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, श्यामप्रसाद (२०७७), भाषिक विधा शिक्षण, जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा. लि.।

लामिछाने, यादवप्रकाश (२०६२), नेपाली भाषा शिक्षण परिचय, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद (२०५०), नेपाली भाषा शिक्षण, शैक्षिक जनशक्ति विकाश केन्द्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), नेपाली भाषा र साहित्य शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७९), नेपाली भाषा शिक्षणका सन्दर्भहरू, विद्यार्थी पुस्तक भण्डार ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् २०१०), अनुप्रयुक्त भाषाविज्ञान सिद्धान्त एवम् प्रयोग, राधाकृष्ण प्रकाशन प्राइवेटलिमिटेड ।

हार्मर, जिरिमे (सन २००८), इङ्लिस ल्याङ्ग्वेज टिचिङ, क्याम्ब्रिज युनिभर्सिटी ।